# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, माघ ७ गते २०४२ साल (संख्या ४०

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

भारत र चीनको स्वशासित तिब्बत क्षेत्रबाट पैठारीको अवस्थामा बिक्रीकर लाग्ने मालवस्तु पैठारी गर्दा भंसारले कायम गरेको मूल्यमा दरबन्दी अनुसार लाग्ने भन्सार महसूल र सरचार्ज जोडी हुनआउने रकममा पैठारी गर्दा हुनसक्ने खर्च र मुनाफा वापत १५ प्रतिशत रकम थप गरी बिक्री मूल्य कायम गर्ने व्यवस्था भै रहेकोमा बिक्रीकर ऐन, २०२३ को दफा ८ क. ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बिक्रीकर प्रयोजनको लागि भारत र चीनको स्वशासित तिब्बत क्षेत्रमा उत्पादन भै पैठारी हुने मालवस्तुहरूमा मात्र उपरोक्त बमोजिमको व्यवस्था लागू गर्ने श्री ५ को सरकारबाट निर्णय भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।